# महाकुलुङ गाउपालिका

## स्थानीय राजपत्र

महाकुलुङ गाउपालिकाद्धारा प्रकाशित

खण्ड ४  संख्या २२ चैत्र १० गते २०७८ साल

भाग २

## महाकुलुङ गाउपालिकाको सूचना

कार्यपालिकाबाट स्वीकृत मिति २०७८।१२।८

## महाकुलुङ गाउपालिकाको लेखा समितिको कार्य संचालन नियमावली-२०७८

प्रस्तावना ,

महाकुलुङ गाउपालिकाको शासन ब्यबस्थालाई थप जनमुखि, सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूति दिलाउने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ अनुसार गठन हुने लेखा समितिको कार्य प्रणालीलाई व्यवस्थित गर्न महाकुलुङ गाउपालिकाले यो नियमावली जारी गरेको छ ।

भाग-१

प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क) यो नियमावलीको नाम "महाकुलुङ गाउपालिकाको लेखा समितिको कार्य संचालन नियमावली-२०७८" रहने छ ।

(ख) यो कार्यविधि महाकुलुङ गाउपालिकाको राजपत्रमा प्रकासित भएको मितिवाट प्रारम्भ हुनेछ ।

२. परिभाषा :

(क) "गाउपालिका" भन्नाले महाकुलुङ गाउपालिकालाई सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले महाकुलुङ गाउपालिकाको लेखा समितिको कार्य संचालन नियमावली-२०७८ लाई सम्झनु पर्छ

लाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले महाकुलुङ गाउपालिकाको कार्यालय र ५ वडा कार्यालयहरु समेत सम्झनुपर्दछ ।

(घ) "समिति" भन्नाले महाकुलुङ सभाबाट गठित लेखा समितिलाई जनाउछ ।

(ङ) " प्रमुख" भन्नाले महाकुलुङ गाउपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(च) "उपाध्यक्ष " भन्नाले महाकुलुङ गाउपालीकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले महाकुलुङ गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "कार्यपालिका" भन्नाले महाकुलुङ गाउकार्यपालिकालाई सम्झनु पर्छ ।

(झ) "गाउसभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको महाकुलुङ गाउगाउ सभालाई सम्झनु पर्छ ।

(ञ ) "पदाधिकारी" भन्नाले गाउ कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाको सदस्य समेतलाई सम्झनु पर्छ ।

(ट) "योजना" भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउंछ ।

(ठ)"वडा" भन्नाले महाकुलुङ गाउपालीकाको ५ वटै वडालाई  सम्झनु पर्छ ।

(ड )"वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा ४ बमोजिमको वडा समितिलाई  सम्झनु पर्छ ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ण) "गाउपालिकाको शाखा, उपशाखा र ईकाइ" भन्नाले गाउपालिकाको प्रशासनिक संगठनात्मक स्वरुप अनुरुप स्थापना गरिएको शाखाहरु, उपशाखाहरु र इकाईहरुलाई सम्झनु पर्दछ।

(त) "राजस्व" भन्नाले महाकुलुङ गाउपालिकाले कानून बमोजम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महसुल र सो बापतको जरिवानालाई जनाउछ सो शब्दले जनसहभागिता बापतको रकम सरकारी तथा अन्य निकायको ऋण तथा अनुदान बापत प्राप्त रकम समेतलाई जनाउछ।

(थ) "वार्षिक" बजेट भन्नाले महाकुलुङ गाउपालिकाको निशर्त, शसर्त, वित्तिय समानिकरण अनुदान र आन्तरिक आयलाई समेत सम्झनुपर्दछ।

(द) "वार्षिक बजेट तथा कार्यक्रम" भन्नाले कार्यक्रमका शिर्षकहरु तथा अनुमानित बजेट सहितको विवरणलाई सम्झनुपर्दछ।

(ध) "बेरुजु" भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न नभएर फरक पर्न गएको अवस्थालाई सम्झनुपर्दछ।

(न) "आर्थिक अनियमितता" भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अवस्थालाई जनाउछ।

(प) "लेखापरीक्षण" भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम सगंत छ छैन भनेर गरिने परिक्षण सम्झनुपर्दछ।

## भाग-२

## लेखा समिति गठन

३. **लेखा समिति गठनः** १) महाकुलुङ गाउपालिकाको शासन व्यवस्थालाई थप जनमुखि, सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तिय सुशासन कायम गराउने प्रमुख उद्देश्यका साथ महाकुलुङ गाउसभाबाट देहाय बमोजिमको लेखा समिति गठन गरिनेछ।

क) महाकुलुङ गाउसभा सदस्यका रुपमा रहेका गाउ कार्यपालिका सदस्यहरु मध्ये १ जना - संयोजक

ख) महाकुलुङ गाउसभाको सदस्य मध्येबाट दुई जना - सदस्य

२) महाकुलुङ गाउपालिकाको आन्तरिक लेखापरिक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवका रुपमा काम गर्ने छन् र निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतले सचिवको रुपमा कार्य गर्नेछ।

३) समितिको वैठकमा समितिका संयोजकले महाकुलुङ गाउकार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र महाकुलुङ गाउपालिकाका शाखा प्रमुखलाई आमन्त्रित गर्न सक्नेछ ।

## भाग-३

## लेखा समितको काम, कर्तव्य र अधिकार

**४. लेखा समितिको काम, कर्तव्य र अधिकारः**

१) नियम ३ बमोजिम गठन हुने लेखा समितिले देहायका विषमा अध्ययन गरी महाकुलुङ कार्यपालिकालाई राय सुझाव र गाउसभा समक्ष प्रतिवेदन पेश गर्नेछ ।

१) वार्षिक बजेटले अनुमान गरे बमोजिमको श्रोत परिचालन तथा रकम संकलन लक्ष्य बमोजिम चौमासिक प्रगती भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तिका विषयमा आवश्यक सल्लाह सुझाव दिने,

२) वार्षिक बजेटमा उल्लेखित कार्यक्रम चौमासिक लक्ष्य बमोजिम संचालन भए नभएको र लक्ष्य पुरा गर्न तत्काल लिनुपर्ने रणनीतिका सम्वन्धमा सुझाव दिन

३) महाकुलुङ कार्यपालिकाबाट महाकुलुङ गाउपालिकाको राजस्व तथा श्रोत परिचालन सम्वन्धमा भए गरेको निर्णयको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्वन्धमा कुनै सुझाव दिनुपर्ने भएमा सो सम्वन्धमा सुझाव सुझाव दिन ,

४) महाकुलुङ कार्यपालिका कार्यालयमा भए गरेको कार्यमा वित्तिय सुशासन कायम गराउनेआवश्यक सुझाव दिन ,

५) पेश्की, वेरुजुको अवस्था विश्लेषण गर्दै सोको फछ्र्यौटका लागि आवश्यक रणनीतिक सुझाव दिन ,

६) महाकुलुङ गाउपालिकाको आन्तरिक लेखा परिक्षकको चौमासिक प्रतिवेदन माथि समिक्षा गर्न ,

७) महाकुलुङ गाउपालिकाका विभिन्न वडा कार्यालय र शाखाबाट भए गरेका गतिविधिको अध्ययन गर्दै सो सम्वन्धमा वित्तिय सुशासन कायम गराउन आवश्यक सुझाव दिन ,

८) वित्तिय सुशासनका विषयमा कार्यपालिकाले सुझाव मागेका विषयमा आवश्यक परामर्श दिने ,

९) महाकुलुङ गाउसभाबाट स्वीकृत वार्षिक बजेटलेअनुमान गरे बमोजिमको काम भएको वा नभएको बारेमा लिखित प्रतिवदेन र सुझावहरु समेत सभामा पेश गर्ने ,

१०) महाकुलुङ गाउसभाबाट स्वीकृत अनुमानित स्रोत परिचालन तथा रकम संकलन भए वा नभएको बारेमा निम्नकारण सहितको प्रतिवेदन तयार गर्ने ।

(क) महाकुलुङ गाउपालिकाले तयार गरेको वार्षिक बजेटमा उल्लिखित कार्यक्रम सञ्चालन भए वा नभएको,

(ख) लेखापरीक्षणबाट औंल्याइएका बेरुजु तथा आर्थिक अनियमितता सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवं असुल फछ्यौट गर्न आवश्यक कारबाही गरे वा नगरेको विषयमा स्पष्टता ल्याउने ।

(ग) वडा कार्यालयबाट संचालित कार्यक्रमहरुको बारेमा वडा अनुसार स्रोत परिचालन तथा रकम संकलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने र कुन वडा के कारणले को भन्दा पछाडी परेको भन्ने समेत प्रतिवेदन तयार गर्ने ।

(घ) समितिले महाकुलुङ गाउ कार्यपालिकालाई दिएका सुझावहरु र सोको कार्यान्वयन अवस्थाका बारेमा ।

(३) उपनियम (१) बमोजिमको प्रतिवेदन तयार गर्दा लेखा समितिले आवश्यकता अनुसार महाकुलुङ गाउपालिका भित्रका उद्यमी, व्यापारी तथा स्थानीय बुद्धिजिवीलाई आवश्यकताको आधारमा छलफलमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम प्रतिवेदन तयार गर्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागजात महाकुलुङ गाउपालिकामा रहेका सबै शाखा र उपशाखाहरुले उपलब्ध गराउनुपर्नेछ र आमन्त्रण भएको अवस्थामा लेखा समितिमा उपस्थित भई आफ्नो राय, सल्लाह र सुझाव लिखित र मौखिक रुपमा दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५. **लेखा समितिको बैठक सम्बन्धी व्यवस्था र सुविधाः** (१) समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) लेखा समितिको बैठकमा भाग लिए बापत लेखा समितिका सदस्य र आमन्त्रित पदाधिकारीले कार्यपालिकाका सदस्यले पाए सरह बैठक भत्ता पाउनेछन्।

(३) लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई नगर सभाबाट स्वीकृत गराई कार्यान्वयन गराउनु पर्नेछ ।

## भाग-४

## लेखा समितिका सदस्यको आचार संहिताहरु

६. लेखा समितिका संयोजक र सदस्यहरुले गर्न हुने र नहुने सामान्य आचार संहिताहरु निम्नानुसार रहनेछ ।

(१) स्थानीय सरकार संचालन ऐनको मान्यता सिद्धान्त विपरित सार्वजनिक वक्तव्य दिन नहुने

(२) स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादार गर्ने कुनै काम गर्न नहुने,

(३) महाकुलुङ गाउवासिप्रतिको उत्तरदायित्वलाई अस्विकार गर्न नहुने,

(४) महाकुलुङ गाउपालिका  र साझेदार संघ संस्थासंगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुादैन ।

तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित बिषयमा अनुसन्धानमुलक कुनै लेख रचना प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

(५) महाकुलुङ गाउपालिकाको साधन श्रोतको दुरुपयोग गर्न नहुने

(६) प्रचलित ऐन, नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गराउनु पर्ने,

(७) राजनीतिक आस्था एवं सामाजिक भेदभावले बढावा पाउने व्यवहार गर्न नहुने,

(८) कार्य जिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने,

(९) कसैको स्वाभिमान र अस्तित्वमा आच आउने व्यवहार गर्न नहुने,

(१०) विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैङ्गिक समानतामा आंच आउने व्यवहार गर्न नहुने,

(११) लेखा समितिका सदस्यहरुले आफ्नो कार्य गर्ने शिलशिलामा अध्ययन गरेका विषय वस्तुहरु पदमा वहाल रहेको वा नरहेकोअबस्थामा कुनै पनि प्रकारले सार्वजनिक गर्न नहुने,

## भाग ५

## विविध

७. **प्रचलित कानून बमोजिम हुने**: यस नियमावलीमा उल्लेख भएका प्रावधानहर यसै नियमावली बमोजिम हुने र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

८. **वाधा अड्काउ फुकाउ**: यस नियमावली कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा गाउ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

९. **संसोधन तथा खारेजी**: यो नियमावलीको संसोधन वा कुनै नियम खारेजी गर्नु परेमा गाउ कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।